# काठमाडौं महानगरपालिका कार्यालय

## आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आव्हानको सूचना

## सूचना नं ६/०७३।०७४

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपशिलका पद र तहमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम **२२३(२)** मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका कार्यालय, पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७३।६।२६ गते सम्ममा रितपूर्वकको दरखास्त पेश गर्न पदपूर्ति समितिको मिति २०७३।५।२६ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित उम्मेदवारले दरखास्त फाराम स्पष्ट संग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौं महानगरपालिका पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृहमा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**पुनश्चः**

१) बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र तोकिएको योग्यता पुगेको हुनुपर्नेछ ।

२) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

३) दरखास्त फाराम भर्दा कर्मचारी संकेत नं. अनिवार्य उल्लेख गरेको हुनुपर्नेछ ।

४) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारमको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिमको गर्नु पर्नेछ ।

६) दरखास्त फाराम रु.१०० मा खरिद गरी परीक्षा दस्तुर रु.१०००। (एक हजार) काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको खाता न ं.०२०६०१७५००४३६ मा बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह प्रदर्शनी मार्गमा बुझाउन पर्नेछ ।

**विवरण**

| क्र. स. | वि.नं. | पद/तह | सेवा/समुह | आ.प्र.द्वारा बढुवा हुने पदसंख्या | परीक्षा मिति | | | समय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथमपत्र | द्धितीयपत्र | तृतीयपत्र | |
| १ | २३/०७३।०७४ | शाखा अधिकृत, अधिकृत स्तर छैठौं | प्रशासन/सा.प्र. | **२४(चौविस)** | २०७३/११/६ | २०७३/११/७ | २०७३/११/८ | १:०० बजे |
| २ | २४/ ०७३।०७४ | राजश्व अधिकृत, अधिकृत स्तर छैठौं प्र | प्रशासन/राजश्व | **१(एक)** | २०७३/११/३ | २०७३/११/४ | २०७३/११/५ | १:०० बजे |
| ३ | २६/०७३/०७४ | सिभिल इन्जिनियर, अधिकृत स्तर छैठौं, | प्राविधिक/सिभिल | **२(दुई)** | २०७३/११/९ | २०७३/११/१० | | १:०० बजे |

पदपूर्ति समितिको सचिवालय,
राष्ट्रिय सभागृह

काठमाडौं महानगरपालिका कार्यालयको

# खुला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

## सूचना नं.७/०७३-०७४

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपसीलका तह, सेवा र समूहका पदहरुको खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ को उपनियम(२) र (३) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३।५।२६ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | वि.नं | पद/तह/सेवा/समुह/उप-समुह | समावेशी | | | | | | खुला | जम्मा पद संख्या | लिखित परिक्षा मिति प्रथम पत्र | | | समय | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आ./ज | मधेसी | दलित | अपांग | पि.क्षे | | | प्रथम | द्वितिय | तृतिय | | |
| १ | २६/०७३/०७४ | शाखा अधिकृत, अधिकृत स्तर छैठौं प्रशासन/सा.प्र. | ८ | ७ | ६ | २ | २ | १ | ३० | ५६ | २०७३/११/९ | २०७३/११/१० | २०७३/११/११ | | लिखित/सीप परीक्षण/अन्तर्वार्ता |
| २ | २७/०७३/०७४ | लेखा अधिकृत, अधिकृत स्तर छैठौं प्र./लेखा | - | १ | - | - | - | - | - | १ | २०७३/११/१२ | २०७३/११/१३ | २०७३/११/१४ | विहान ८:०० बजे | लिखित/सीप परीक्षण/अन्तर्वार्ता |
| ३ | २८/०७३/०७४ | राजश्व अधिकृत, अधिकृत स्तर छैठौं प्र./राजश्व | - | १ | - | - | - | - | २ | ३ | २०७३/११/१५ | २०७३/११/१६ | २०७३/११/१७ | | लिखित/सीप परीक्षण/अन्तर्वार्ता |
| ४ | २९/०७३/०७४ | सिभिल इन्जिनियर, अधिकृत स्तर छैठौं, प्रा./सिभिल | १ | १ | - | - | - | - | २ | ४ | २०७३/११/११ | २०७३/११/१२ | - | | लिखित /अन्तर्वार्ता |
| ५ | ३०/०७३/०७४ | अर्किटेक्ट इन्जिनियर, अधिकृत स्तर छैठौं, प्रा./आर्किटक | - | - | - | - | - | - | १ | १ | २०७३/११/१३ | २०७३/११/१४ | - | | लिखित /अन्तर्वार्ता |
| ६ | ३१/०७३/०७४ | कम्प्यूटर इन्जिनियर इन्जिनियर, अधिकृत स्तर छैठौं,प्रा. | - | - | - | - | - | - | १ | १ | २०७३/११/१५ | २०७३/११/१६ | - | दिनको १ बजे | लिखित /अन्तर्वार्ता |
| ७ | ३२/०७३/०७४ | कम्प्यूटर प्रोग्रामर, अधिकृत स्तर छैठौं प्रा./सूचना | १ | - | - | - | - | - | १ | २ | २०७३/११/१७ | २०७३/११/१८ | - | | लिखित/प्रयोगात्मक /अन्तर्वार्ता |
| ८ | ३३/०७३/०७४ | स्टक्चरल इन्जिनियर, अधिकृत स्तर छैठौं, प्रा. | - | - | - | - | - | -- | १ | १ | २०७३/११/१९ | २०७३/११/२० | - | | लिखित /अन्तर्वार्ता |
| ९ | ३४/०७३/०७४ | कम्प्यूटर अधिकृत, अधिकृत स्तर छैठौं,प्रा. | - | - | - | - | - | - | १ | १ | २०७३/११/२१ | २०७३/११/२२ | - | | लिखित/प्रयोगात्मक /अन्तर्वार्ता |

द्रष्टव्यः

दरखास्त फाराम दस्तुरः- रु.१००(एक सय),

परीक्षा दस्तुरः अधिकृत स्तर छैठौं तहको लागि रु. १०००।- (एक हजार मात्र) र प्रत्येक समावेशी समूहको लागि रु.२००। (दुई सय) थप दस्तुर लाग्ने छ।

उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ। प्राविधिकको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०७३।६।२६ सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र

परीक्षा दस्तुर बुझाउने स्थान :- काठमाडौं महानगरपालिकाको नविल बैंकमा रहेको खाता नं. ०२०६०१७५००४३६ मा रकम बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग मा बुझाउनु पर्नेछ ।

अन्तर्वार्ता हुने मितिः- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा, समूह सम्बन्धी ।

तलबः- प्रचलित स्केल बमोजिम ।

आवश्यक न्यूनतम योग्यता

१) मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

द्रष्टव्यः

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । काठमाडौं महानगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपूर्ति समितिको सचिवालयद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति बाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता र समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका र छायाँप्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ज) परीक्षामा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम काठमाडौं महानगरपालिका कार्यालयको Website: www.kathmandu.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरुसँग हुनुपर्ने थप कागजातहरु**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउंदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद् वा महिला तथा बालबालिका कार्यालयबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ.) पिछडिएको क्षेत्र भन्नाले अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्दछ ।

पुनश्चः अधिकृत स्तर अप्राविधिक पदका लागि प्रथम चरणको प्रारम्भिक परीक्षा नहुने व्यहोरा जानकारी गराईन्छ ।

पदपूर्ति समितिको सचिवालय,
राष्ट्रिय सभागृह